NJ: NUTA

# पाणिनीयव्याकरणका अनुदात्त धातुहरूको अध्ययन

**प्रकाश तिवारी**
व्याकरण शिक्षण विभाग, वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय
Email : p85tiwari@gmail.com
DOI: 10.3126/nutaj.v8i1-2.44118

**सारसङ्क्षेप**

*अन्य वर्णको सहयोगविना पूर्ण उच्चरित हुने वर्णलाई स्वरवर्ण भनिन्छ । स्वरवर्णलाई स्वर, काल, स्थान, प्रयत्न र अनुप्रदान यी पाँच प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । स्वरका आधारमा उदात्तस्वर, अनुदात्तस्वर र स्वरितस्वर गरी तीन भागमा विभाजन गरिएको छ । पाणिनीय अष्टाध्यायी परम्पराका भाष्यग्रन्थहरूमा अनुदात्त धातुलाई सजिलोसँग पहिचान होस् भन्ने हेतुले गणना गरिएको पाइन्छ । ती धातु कुन-कुन हुन् ? किन गणना गरिएका हुन् ? गणना गर्नुको प्रयोजन के हो ? भन्ने जस्ता जिज्ञासाहरूलाई समाधान गर्न र जिज्ञासु पाठक एवं अध्ययनरत विद्यार्थीहरूलाई व्याकरणको यो जटिल विषय सहजरूपमा बोधगम्य होस् भन्नका लागि यो लेख तयार पारिएको हो । धातुमा पढिएका अच्, अनुनासिक र अननुनासिकका भेदले दुई प्रकारका हुन्छन् । त्यसमा पनि उदात्त, अनुदात्त र स्वरितका भेदले छ प्रकारका हुने भए । अतः उदात्त धातु, अनुदात्त धातु र स्वरित धातुलाई छुट्याउन जटिल हुन्छ । स्वरवर्ण उच्चारणको आधारले मात्र उदात्त धातु र अनुदात्त धातु छुट्याउन सकिन्छ । स्वरपहिचान वैदिक प्रक्रिया भएको हुँदा उदात्त र अनुदात्त धातु छुट्याउन सजिलो आधार छैन । अतः पाणिनीय परम्परामा उदात्त र अनुदात्त धातु छुट्याउन धातुपाठमा अनुदात्त धातुको परिगणना गरेका छन् । ती अनुदात्त धातुहरूलाई उदाहरणसहित देखाइएको छ । प्रस्तुत लेखमा स्वरको परिचय, अजन्त एकाच उदात्त र हलन्त अनुदात्त धातुहरूको गणना, धातुको अर्थ, प्रयोगको उदाहरण र प्रकरणगत धातुको स्रोतलाई व्याख्यान र तालिकाका माध्यमबाट प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** अनुदात्त, अनुदात्तधातु, अनुप्रदान, उदात्त, स्वरित ।

## विषय प्रवेश

शरीरमा प्राणवायु ऊर्ध्व प्रेरित भएर माथि आउँदा शिरको मूर्धास्थानमा ठोक्किएर आ–आफ्ना स्थानबाट वर्णहरू उच्चारित हुन्छन् । यसरी उत्पन्न हुने वर्णहरू स्वर, काल, स्थान, प्रयत्न र अनुप्रदान गरी पाँच प्रकारका हुन्छन् ।

**स्वरतः कालतः स्थानात्प्रयत्नानुप्रदानतः ।**
**इति वर्णविदः प्राहुर्निपुणं तन्निबोधत ॥**

(पाणिनीयशिक्षा, श्लो. १० ।)

उदात्त अनुदात्त र स्वरित गरी स्वरका आधारमा, ह्रस्व दीर्घ र प्लुत गरी उच्चारण काल वा मात्राका आधारमा, कण्ठ-तालु-मूर्धा-दन्त-ओष्ठ-नासिका-कण्ठतालु-कण्ठोष्ठ-दन्तोष्ठ-जिह्वामूल आदि स्थानका आधारमा, स्पृष्ट–ईषत्पृष्ट–विवृत–संवृत आदि आभ्यन्तर प्रयत्नका आधारमा र विवार–संवार–श्वास–नाद–घोष–अघोष–अल्पप्राण–महाप्राण–उदात्त–नुदात्त–स्वरित आदि बाह्यप्रयत्नका आधारमा वर्णहरूलाई विभाजन गरिएको छ। प्रस्तुत लेखमा उदात्त, अनुदात्त र स्वरित स्वरको परिचयसहित अनुदात्त धातुहरूको गणना गरिएको छ । ती धातुहरूलाई अर्थ र उदाहरणसहित तालिकामा प्रस्तुत गरिएको छ ।

## समस्या कथन

उदात्त, अनुदात्त र स्वरित भनेको के हो ? स्वरभेदले धातुमा के भिन्नता हुन्छ ? अनुदात्त धातुको प्रयोजन के हो ? अनुदात्त धातु कति छन् ? तिनलाई उदाहरणसहित कसरी प्रस्तुत गर्न सकिन्छ ? भन्ने जिज्ञासाहरू प्रस्तुत लेखका समस्याहरू हुन् ।

## अध्ययनको उद्देश्य

उदात्त, अनुदात्त र स्वरित स्वरको परिचय दिनु, अनुदात्त धातुको प्रयोजन बताउनु, अनुदात्त धातु गणना गर्नु र गणना गरिएका धातुहरूलाई अन्त्यवर्णका आधारमा अर्थ र उदाहरणसहित प्रस्तुत गर्नु प्रस्तुत लेखको उद्देश्य हो ।

## शोधविधि

प्रस्तुत अनुसन्धानमा आगमन, निगमन, व्याख्यान, तुलना, विश्लेषण, प्रश्नोत्तरलगायतका आधुनिक विधिहरूमध्ये विशेष गरी निगमन तथा व्याख्यान विधिको प्रयोग गरिएको छ । यसका लागि पुस्तकालयीय सामग्री सङ्कलन विधिको उपयोग गरिएको छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

विश्लेषणको सैद्धान्तिक आधार भनेको पूर्ववर्ती आचार्यहरूले प्रतिपादन गरेका सूत्रग्रन्थ, वृत्तिग्रन्थ, भाष्यग्रन्थ, टीकाग्रन्थ, कोशग्रन्थ लगायतका आधिकारिक विशिष्ट ग्रन्थहरू र ती ग्रन्थमा प्रतिपादित सिद्धान्तलाई बुझिन्छ । प्रस्तुत लेखमा सूत्रकार पाणिनि, भाष्यकार पतञ्जलि र अन्य वैयाकरणहरूका ग्रन्थहरू र विभिन्न शिक्षाग्रन्थहरूमा प्रतिपादित अनुदात्तस्वर र अनुदात्तधातुका विषयहरूलाई विश्लेषणको सैद्धान्तिक आधार मानिएको छ ।

## विषय परिचय

व्यञ्जन वर्णको सहायताविना आफै उच्चरित हुने वर्णहरूलाई स्वरवर्ण भनिन्छ। स्वरवर्णहरूलाई उच्चारण गर्दा लाग्ने समयका आधारमा ह्रस्व, दीर्घ र प्लुत गरी तीन भागमा विभाजन गरिन्छ। एकमात्रिक स्वरलाई ह्रस्व भनिन्छ । द्विमात्रिक स्वरलाई दीर्घ र त्रिमात्रिक स्वरलाई प्लुत भनिन्छ । मात्रा भनेको एक पटक आँखा झिम्कँदा लाग्ने समय बराबरको समयलाई बुझिन्छ । ह्रस्व, दीर्घ र प्लुत वर्णको उच्चारण प्रक्रियालाई बुझाउन कुखुराको आवाजको उदाहरण प्रस्तुत गरिन्छ । जसरी कुखुराले कु खुरी...काँऽऽ गरेर कराउँदछ । त्यस क्रममा कु यो थोरै समयको उच्चारण ह्रस्व उच्चारण हो । खुरी...यो उच्चारण केही लामो हुने भएकाले दीर्घ उच्चारण हो भने .....काँऽऽ यो उच्चारण धेरै लामो समयसम्म गर्ने भएकाले प्लुत उच्चारण हो । यस प्रकार स्वरवर्णहरू ह्रस्व दीर्घ र प्लुतका भेदले तीन प्रकारका हुन्छन् । व्यञ्जन वर्णहरू त आधा मात्राका हुन्छन् ।

**एकमात्रो भवेद् ह्रस्वो द्विमात्रो दीर्घ उच्यते ।**
**त्रिमात्रस्तु प्लुतो ज्ञेयो व्यञ्जनं चार्धमात्रकम् ॥**

(याज्ञवल्क्यशिक्षा, श्लो. १३ ।)

प्रस्तुत लेखमा यिनै उदात्त, अनुदात्त र स्वरित स्वरको परिचय दिँदै अनुदात्त धातुको विवेचना गरिएको छ । साथै अनुदात्त धातुको अर्थ र उदाहरणलाई पनि तालिकाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

**उदात्त, अनुदात्त र स्वरितको परिचय**

स्वरहरू उदात्त अनुदात्त र स्वरित गरी तीन प्रकारका हुन्छन् । आचार्य पाणिनिद्वारा अष्टाध्यायी सूत्रमा तालु आदिस्थानका माथिल्ला भागबाट उच्चार हुने स्वरवर्णलाई उदात्त (पाणिनिः, **अष्टाध्यायी, उच्चैरुदात्तः** १।२।२९॥), तालु आदि भागको तलपट्टिको भागबाट उच्चारण हुने स्वरवर्णलाई अनुदात्त (पाणिनिः, **अष्टाध्यायी, नीचैरनुदात्तः** १।२।३०॥) एवं उदात्त र अनुदात्तको मिश्रण भएको स्वरवर्णलाई स्वरित (पाणिनिः, **अष्टाध्यायी, समाहारः स्वरितः** १।२।३१॥) भनिएको छ । तालु आदि गरिएका स्थानहरू माथिल्लो तालु र तल्लो तालु गरी दुई प्रकारका हुन्छन् । माथिल्लो तालुमा स्पर्श भएर उच्चारण हुने स्वर उदात्त हो भने तल्लो तालुमा स्पर्श भएर उच्चारण हुने स्वर अनुदात्त स्वर हो । दुवैको मिश्रण भएको अथवा उदात्त र अनुदात्त भनेर पृथक् गर्न नसकिने स्वरलाई स्वरित स्वर भनिएको छ । यो स्वरको ज्ञान अभ्यासद्वारा मात्र बोध हुने विषय हो ।

**ताल्वादिस्थानानामुर्ध्वाधोभेदेन भागद्वयम् अस्ति ।**
**ऊर्ध्वभागेनौच्चार्यमाण उदात्तः, अधोभागेन त्वनुदात्तः ।**
**अभ्यासज्ञेयश्चायं स्वरविशेषः ।**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** पृ. ८ ।)

वैदिक प्रक्रियामा स्वरको विशेष महत्त्व रहेको हुन्छ। स्वरको निर्धारण गर्ने क्रममा पाणिनीयशिक्षामा भनिएको छ-**उदात्तश्चानुदात्तश्च स्वरितश्च स्वरास्त्रयः । (पाणिनीयशिक्षा,** श्लो. ११।) स्वरित स्वरको पनि अदिको पूर्वभाग उदात्त र उत्तरभाग अनुदात्त हुन्छ ।

**अनुदात्तः परः शेषः स उदात्तश्रुतिर्न चेत् ।**
**उदात्तं वोच्यते किञ्चित्स्वरितं वाक्षरं परम् ॥**

(**ऋक्प्रातिशाख्यम्**, ३।५॥)

उत्तरभागको अनुदात्तको पनि कहिले काहीँ उदात्त जस्तै सुनिने हुन्छ । (पाणिनिः, **अष्टाध्यायी, तस्यादित उदात्तमर्धह्रस्वम् १।२।३२॥)** वर्णहरूको उच्चारण गर्दा स्वरनिर्धारणका लागि हस्तमुद्राप्रदर्शन गरिन्छ । वैदिकमन्त्रको उच्चारण गर्दा बुढीऔँलालाई क्रमशः अन्य चार औँलाका फेदमा राखेर विभिन्न स्वरहरूको उच्चारण गरिन्छ। त्यस क्रममा तर्जनी अङ्गुलीबाट उदात्तस्वर, मध्यमा अङ्गुलीबाट प्रचयस्वर

**उदात्तान्निहतः स्वारः स्वरितात्प्रचयो भवेत् ।**
**उदात्तस्वरितात्पूर्वो न्याय आपद्यते स्वरः ॥**

(**पराङ्कुशशिक्षा**, श्लो. १३ ।)

अनामिका अङ्गुलीबाट स्वरितस्वर र कनिष्ठा अङ्गुलीबाट अनुदात्तस्वर उच्चारणको सङ्केत गरिन्छ ।

**उदात्तं प्रदेशिनीं विद्यात् प्रचयं मध्यतोऽगुलिम् ।**
**निहतं तु कनिष्ठिक्यां स्वरितोपकनिष्ठिकाम् ॥** (**पाणिनीयशिक्षा,** श्लो. ४४।)

अन्तभागमा उदात्त भएको अन्तोदात्त, आदिभागमा उदात्त भएको आद्युदात्त, सबै उदात्त मात्र भएको उदात्त, सबै अनुदात्त मात्र भएको अनुदात्त, नीचस्वरितले युक्त भएको नीचस्वरित, माभमा उदात्त भएको मध्योदात्त, उदात्त र अनुदात्तको बिचबाट प्रकट भएको स्वरित, दुई उदात्तले युक्त द्वयुदात्त र तीन उदात्तले युक्त त्र्युदात्त गरी नौ प्रकारका पदहरू रचना हुन्छन् ।

**अन्तोदात्तमाद्युदात्तमुदात्तमनुदात्तं नीचस्वरितम् ।**
**मध्योदात्तं स्वरितं त्र्युदात्तमिति नव पदशय्याः ॥**

(**पाणिनीयशिक्षा,** श्लो. ४५।)

हृदयमा हात राखेर अनुदात्त स्वरको उच्चारण गरिन्छ । मूर्धास्थान वा शिरमा हात राखेर उदात्त स्वरको उच्चारण गरिन्छ । कानको फेदमा हात राखेर स्वरित स्वरको उच्चारण गरिन्छ । मुखको नजिकै हात राखेर प्रचय स्वरको उच्चारण गरिन्छ ।

**अनुदात्तो हृदि ज्ञेयो मूर्ध्न्युदात्त उदाहृतः ।**
**स्वरितः कर्णमूलीयः सर्वास्ये प्रचयः स्मृतः ॥**

(**पाणिनीयशिक्षा,** श्लो. ४८।)

तालु आदिस्थानको माथिल्लो भागबाट उत्पन्न भई उच्चारणका क्रममा तीव्र प्रयत्न हुने वर्ण उदात्त हो । तालु आदिस्थानको तल्लो भागबाट उत्पन्न हुने र उच्चारणका क्रममा मन्द प्रयत्न हुने अनुदात्त हो । त्यसै गरी उदात्त र अनुदात्तको सन्निकर्ष नै स्वरित हो । तालु आदि स्थानका दुवै भागबाट उत्पन्न हुने स्वरित हुन्छ । जहाँ उदात्तत्व र अनुदात्तत्व दुवै वर्णधर्म मिलेका हुन्छन् ।

**उदात्तानुदात्तसंन्निकर्षात् स्वरितमाचक्षते ।**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** पृ. ९ ।)

निषादादि–गान्धर्वशास्त्रमा षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत, निषाद गरिएका सात प्रकारका स्वरहरू प्रसिद्ध छन् । यी सात प्रकारका स्वरहरू उदात्त, अनुदात्त र स्वरित यी तीन स्वरमा अन्तर्भाव हुन्छन् । उदात्त स्वरमा निषाद र गान्धार स्वर, अनुदात्त स्वरमा ऋषभ र धैवत स्वर एवं स्वरितमा षड्ज, मध्यम र पञ्चम स्वर पर्दछन् । अर्थात् उदात्त, अनुदात्त र स्वरितबाट नै यी सात प्रकारका स्वरहरू उत्पन्न भएका हुन् ।

**उदात्ते निषादगान्धारावनुदात्त ऋषभधैवतौ ।**
**स्वरितप्रभवा ह्येते षड्जमध्यमपञ्चमाः ॥**

(**पाणिनीयशिक्षा**, श्लो. १२॥)

## स्वरको आवश्यकता र महत्त्व

स्वरले हीन भएको अथवा वर्णले हीन भएको अशुद्ध मन्त्र उच्चारण गर्नु हुँदैन । यदि अशुद्ध उच्चारण गरेमा त्यस मन्त्रले उल्टो फल दिने हुन्छ । अर्थात् अनर्थकारी हुन्छ । त्यो अशुद्ध मन्त्र एउटा वाणीको वज्र बन्दछ र अनुष्ठाता यजमानलाई नै हानी गर्दछ । इन्द्रशत्रु यो शब्दमा विपरीत ध्वनिको प्रयोग भएका कारण अनिष्ट भएको थियो ।

**मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह ।**
**स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् ॥**

**(पाणिनीयशिक्षा**, श्लो. ५२ ॥)

यस प्रसङ्गमा एउटा कथा छ– कुनै एक समयमा इन्द्रले त्वष्टाऋषिका पुत्र विश्वरूपलाई कारणवश मारेका थिए । पुत्रलाई मारेका कारण त्वष्टाऋषि रिसले क्रुद्ध भएर इन्द्रलाई नै मार्न सक्ने पुत्र प्राप्तिको अभिलाषा राखेर अभिचार यज्ञ आरम्भ गरे । यज्ञमा ऋत्विक्हरूले **इन्द्रशत्रुर्विवर्धस्व** भन्ने मन्त्रको प्रयोग गरे । यहाँ तत्पुरुष समास प्रयुक्त अन्तोदात्त मन्त्रोच्चारणको प्रयोग गर्नु पर्नेमा ऋत्विक्हरूले आद्युदात्त प्रयोग गरे, जसले गर्दा बहुब्रीहि समासजन्य अर्थ हुन गयो । इन्द्रः शत्रुः अर्थात् शातयिता मारको यस्य सः, विवर्धस्व यस्तो अर्थ हुन गयो । यस यज्ञबाट एक अत्यन्त शक्तिशाली वृत्र नाम गरेको राक्षस उत्पन्न भयो, जसलाई वृत्रासुर भनिन्छ । पछि ऊ शक्तिशाली भएपनि इन्द्रबाट मारियो । इन्द्रको शत्रु भन्ने अर्थको इन्द्रशत्रु शब्द उच्चारण गर्नु पर्नेमा इन्द्र नै छ, जसको शत्रु भन्ने अर्थको इन्द्रशत्रु शब्द उच्चारण भएकाले इन्द्रले नै वृत्रासुरलाई मारे । यहाँ शत्रु शब्दको अर्थ यौगिक लिनुपर्दछ, जसको शातयिता अर्थ हो रूढ अर्थले केवल प्रतिद्वन्द्वी वा वैरी भन्ने अर्थ बुझिँदा तत्पुष वा बहुब्रीहि कुनै पनि समासजन्य अर्थ एउटै हुन जान्छ । त्यसकारण मन्त्रहरूको उच्चारण गर्दा उदात्तादि स्वर, वर्ण, मात्र, स्थान, करण आदि मिलाएर शुद्धसँग उच्चारण गर्नु पर्दछ अन्यथा उक्त मन्त्रले उल्टै अनुष्ठान कर्तालाई नै आघात गर्दछ ।

## अनुदात्त धातुको परिगणना

पाणिनीय व्याकरणमा धातुपाठको परिगणन गर्ने क्रममा अनुदात्तको इत् संज्ञा हुने धातुहरू छुट्याउन गाह्रो पर्ने भएकाले सिद्धान्तकौमुदीमा अनुदात्तको इत् संज्ञा हुने धातुहरूलाई परिगणन गरिएको छ । त्यस क्रममा । दीर्घ ऊकारान्त र दीर्घ ॠकारान्त धातु, यु, रु, क्ष्णु, शीङ्, स्नु, नु, क्षु, शिव, डीङ्, श्रि, वृङ्, वृञ् धातुलाई छोडेर एक अच् हुने अरू अजन्त धातु सबै अनुदात्त मानिएका छन् । हलन्त धातुहरूमध्ये तल उल्लेख गरिएका एक सय दुईवटा धातुहरूलाई अनुदात्त भनेर गणना गरिएका छन् । वैयाकरणहरूका मत भिन्नता भएकाले तुदादि प्रकरण र चुरादि प्रकरणमा पढिएका धातुहरूमध्ये केही धातुहरूलाई अनुदात्त धातुहरू मानेका छन् ।

**अनुदात्ता हलन्तेषु धातवो द्व्यधिकं शतम् ।**
**तुदादौ मतभेदेन स्थितौ यौ च चुरादिषु ॥**

(भट्टोजिदीक्षितः,
**सिद्धान्तकौमुदी,** ५६ पृ. ।)

### (क) अजन्त धातुहरू

दीर्घ ऊकारान्त र दीर्घ ॠकारान्त धातु, यु, रु, क्ष्णु, शीङ्, स्नु, नु, क्षु, शिव, डीङ्, श्रि, वृङ्, वृञ् धातुलाई छोडेर एकअच् हुने अरू अजन्त धातु सबै अनुदात्त मानिएका छन् ।

**उदृदन्तैर्यौतिरुक्ष्णुशीङ्स्नुनुक्षुश्विडीङ्श्रिभिः ।**
**वृङ्वृञ्भ्यां च विनैकाचोऽजन्तेषु निहताः स्मृताः ॥**

(भट्टोजिदीक्षितः,
**सिद्धान्तकौमुदी,** ५४ पृ. ।)

यी सबै धातुहरूमा **एकाच उपदेशेऽनुदात्तात्** ७।२।१०॥ भन्ने सूत्रले इट्को निषेध हुँदैन र **आर्धधातुकस्येड्वलादेः** ७।२।३५॥ भन्ने सूत्रले इट् आगम हुन्छ । यहाँ तालिकामा प्रस्तुत गरिएका धातुलाई छोडेर अन्य सबै एउटा स्वरवर्ण हुने अजन्त धातुहरू अनुदात्त हुन्छन् । संस्कृतमा एकाच् स्वरान्त अनुदात्त धातुहरू धेरै हुने भएकाले यहाँ थोरै उदात्त धातुहरूको परिगणन गरिएको छ । यी धातुलाई छोडेर अन्य एकाच् धातुहरू अनुदात्त हुन् ।

**उदात्त अजन्त धातुहरू**

| सङ्केत | धातुको संस्कृत अर्थ | प्रकरण, पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|
| ऊकारान्ताः | **भू सत्तायाम्**<br>**लूञ् छेदने**<br>**पूञ् पवने** | भ्वा. परस्मैपदी<br>क्र्यादि. उभयपदी<br>क्र्यादि, उभयपदी | भू धातु हुनु अर्थमा<br>काट्नु<br>पवित्र गर्नु | भविता, भविष्यति<br>लविता, लविष्यति<br>पविता, पविष्यति |
| ऋकारान्ताः | **कॄ विक्षेपे**<br>**पॄ पालनपूरणयोः**<br>**गॄ निगरणे** इत्यादि । | तुदादि, परस्मैपदी<br>जुहोत्यादि,<br>परस्मैपदी<br>तुदादि, परस्मैपदी | हर्नु<br>पालन र पोषण<br>गर्नु<br>निल्नु | करिता, करिष्यति<br>परीता/परिता,<br>परीष्यति/ परिष्यति<br>गरीता/गरिता/<br>गलीता/गलिता<br>गरीष्यति/गरिष्यति/<br>गलीष्यति/गलिष्यति |
| यु | **यु मिश्रणाऽमिश्रणयोः** | अदादि, परस्मैपदी | मिलाउनु,<br>छुट्याउनु | यविता, यविष्यति |
| रु | **रु शब्दे** | अदादि, परस्मैपदी | शब्द गर्नु, कराउनु | रविता, रविष्यति |
| क्ष्णु | **क्ष्णु तेजने** | अदादि, परस्मैपदी | तीखो बनाउनु | क्ष्णविता, क्ष्णविष्यति |
| शीङ् | **शीङ् स्वप्ने** | अदादि, आत्मनेपदी | सुत्नु | शयिता, शयिष्यते |
| स्नु | **ष्णु प्रस्रवणे** | अदादि, परस्मैपदी | चुहिनु | स्नविता, स्नविष्यति |
| नु | **णु स्तुतौ** | अदादि, परस्मैपदी | स्तुति गर्नु | नविता, नविष्यति |
| क्षु | **टुक्षु शब्दे** | अदादि, परस्मैपदी | शब्द गर्नु | क्षविता, क्षविष्यति |
| श्वि | **टुओँश्वि गतिवृद्ध्योः** | भ्वादि, परस्मैपदी | हिड्नु र बढ्नु | श्वयिता, श्वयिष्यति |
| डीङ् | **डीङ् विहायसा गतौ** | दिवादि, आत्मनेपदी | उड्नु | डयिता, डयिष्यते |
| श्रि | **श्रिञ् सेवायाम्** | भ्वादि, उभयपदी | सेवा गर्नु, | श्रयिता, श्रयिष्यति, |
| वृङ् | **वृङ् सम्भक्तौ** | क्र्यादि, आत्मनेपदी | सेवा गर्नु | वरिता, वरिष्यते |
| वृञ् | **वृञ् वरणे**<br>**वृञ् आवरणे** | स्वादि, उभयपदी<br>चुरादि, उभयपदी | स्वीकार गर्नु<br>ढाक्नु | वरिता, वरिष्यते<br>आधृषीय |

माथिको तालिकामा प्रस्तुत गरिएका धातुहरूलाई छोडेर एउटा स्वरवर्ण भएका अजन्तधातुहरू सबै अनुदात्त धातु हुन् । यसरी अनुदात्त धातुलाई चिनेपछि त्यस धातुमा इटागम आदिका कार्यहरू हुने र नहुने विषय सजिलैसँग ज्ञान हुन सक्दछ ।

**(ख) हलन्त धातुहरू**

संस्कृत व्याकरणमा हलन्त धातुहरूमध्ये उदात्त धातुहरू धेरै हुने भएकाले र अनुदात्त धातु थोरै भएका कारण यहाँ अनुदात्त धातुहरूको मात्र परिगणन गरिएको छ । हलन्त धातुहरूमध्ये तल उल्लेख गरिएका एक सय दुईवटा धातुमात्र अनुदात्त धातु हुन् । वैयाकरणहरूका मत भिन्नता भएकाले तुदादि प्रकरण र चुरादि प्रकरणमा पढिएका धातुहरूमध्ये केही धातुहरूलाई अनुदात्त धातुहरू मानेका छन् ।

**अनुदात्ता हलन्तेषु धातवो द्वयधिकं शतम् ।**
**तुदादौ मतभेदेन स्थितौ यौ च चुरादिषु ॥**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** ५६ पृ. ।)

### ककारान्त धातु

ककारान्त धातुमा शक्लृ शक्तौ भन्ने एउटा मात्र धातु अनुदात्त छ । शक्लृ शक्तौ धातु सक्नु, समर्थ हुनु भन्ने अर्थमा स्वादि प्रकरणको परस्मैपदी धातु हो । यस धातुबाट शक्नोति रूप सिद्ध हुन्छ ।

**शक्लृपच्मुच्रिच्वच्विच्सिच्प्रच्छित्यज्निजिर्भजः ।**
**भञ्ज्भुज्भ्रस्ज्मस्जियज्युज्रुज्रञ्ज्विजिर्स्वञ्जिसञ्ज्सृजः ॥**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** ५४ पृ. ।)

### चकारान्त धातु

चकारान्त धातुमा पच्, मुच्, रिच्, वच्, विच्, सिच्, यी छ धातु अनुदात्त हुन् । यी धातुहरूलाई अर्थ र उदाहरण सहित प्रस्तुत गरिएको छ ।

| **क्र.सं.** | **सङ्केतः** | **धातुको संस्कृत अर्थ** | **नेपाली अर्थ** | **प्रकरण / पदनिर्धारण** | **उदाहरण** |
|---|---|---|---|---|---|
| १. | पच् | **डुपचस् पाके,** | पकाउनु | भ्वादयः, उभयपदी | पचति पचते |
| २. | मुच् | **मुच्लृ मोक्षणे,** | छोड्नु | तुदादि, उभयपदी | मुञ्चति मुञ्चते |
| ३. | रिच् | **रिचिर् विरेचने रिच् वियोजनसम्पर्चनयोः** | विरेचन गर्नु, खाली गर्नु अलग गर्नु, मिलाउनु | रुधादि, उभयपदी चुरादि, उभयपदी, | रिणेक्ति, रिङ्क्ते रेचयति, रेचति, रेचयते, रेचते |
| ४. | वच् | **वच परिभाषणे** (ब्रुवो वचिः इति सूत्रेण ब्रुवः स्थाने वच् आदेशो भवति ।) | बोल्नु (ब्रुवो वचिः भन्ने सूत्रले ब्रूवः यसका स्थानमा वच् आदेश हुन्छ ।) | अदादि, परस्मैपदी | वक्ति |
| ५. | विच् | **विचिर् पृथग्भावे** | अलग गर्नु | रुधादि, उभयपदी | विनक्ति, विङ्क्ते |
| ६. | सिच् | **षिच क्षरणे** | सिञ्चनु, छर्कनु | तुदादि, उभयपदी | सिञ्चति, सिञ्चते |

### छकारान्त धातु

छकारान्त धातुमा प्रच्छ यो एकमात्र धातु अनुदात्त धातु हो । सोध्नु अर्थमा रहेको प्रच्छ ज्ञीप्सायाम् भन्ने तुदादि परस्मैपदी धातु हो । यसबाट पृच्छति रूप सिद्ध हुन्छ ।

**जकारान्त धातु**

जकारान्त धातुमा त्यज्, निजिर्, भज्, भञ्ज्, भुज्, भ्रस्ज, मस्ज्, यज्, युज्, रुज्, रञ्ज्, विजिर्, सञ्ज्, स्वञ्ज, सृज् यी १५ धातु अनुदात्त छन्। यी धातुहरूलाई अर्थ र उदाहरणसहित प्रस्तुत गरिएको छ।

| क्र.सं. | सङ्केतः | धातुको संस्कृत अर्थ | नेपाली अर्थ | प्रकरण / पदनिर्धारण | उदाहरण |
|---|---|---|---|---|---|
| १ | त्यज् | **त्यज् हानौ,** | छोड्नु | भ्वा. परस्मैपदी | त्यजति |
| २ | निजिर् | **णिजिर् शौचपोषणयोः** | शुद्ध गर्नु, पोषण गर्नु | जुहोत्या. उभयपदी | नेनेक्ति, नेनिक्ते |
| ३ | भज् | **भज सेवायाम्,** | सेवा गर्नु | भ्वा. उभयपदी | भजति, भजते |
| ४ | भञ्ज् | **भञ्जो आमर्दने,** | तोड्नु | रुध. परस्मैपदी | भनक्ति |
| ५ | भुज् | **भुज पालनाऽभ्यवहारयोः,**<br>**भुजो कौटिल्ये,** | पालन गर्नु, खानु<br>बाङ्गे हुनु, टेडो जानु | रुध. परस्मैपदी<br>तुदादि. परस्मैपदी | भुनक्ति<br>भुजति |
| ६ | भ्रस्ज् | **भ्रस्ज पाके,** | पकाउनु, भुट्नु | तुदादि. उभयपदी | भृज्जति, भृज्जते |
| ७ | मस्ज् | **टुमस्जो शुद्धौ** | शुद्ध गर्नु, डुब्नु | तुदादि. परस्मैपदी | मज्जति |
| ८ | यज् | **यज देवपूजासङ्गतिकरणदानेषु,** | यज्ञ गर्नु, देवताको पूजा गर्नु, सङ्गति र दान गर्नु अर्थमा। | भ्वा. उभयपदी | यजति, यजते |
| ९ | युज् | **युजिर् योगे,**<br>**युज समाधौ,**<br>**युज संयमने,** | जोड्नु<br>समाहित हुनु<br>बाँध्नु, संयमित हुनु | रुधा. उभयपदी<br>दिवा. आत्मनेपदी<br>चुरादि. उभयपदी | युनक्ति, युङ्क्ते<br>युज्यते<br>योजयति, योजति |
| १० | रुज् | **रुजो भङ्गे,** | तोड्नु | तुदादि. परस्मैपदी | रुजति |
| ११ | रञ्ज् | **रञ्ज रागे,** | राग हुनु, अनुरक्त हुनु | भ्वा. उभयपदी<br>दिवादि. उभयपदी | रजति, रजते<br>रज्यति, रज्यते |
| १२ | विजिर् | **विजिर् पृथग्भावे** | अलग हुनु | जुहो. उभयपदी | वेवेक्ति, वेविक्ते |
| १३ | स्वञ्ज् | **ष्वञ्ज् परिष्वङ्गे** | आलिङ्गन गर्नु | भ्वा. आत्मनेपदी | स्वजते, परिष्वजते |
| १४ | सञ्ज् | **षञ्ज सङ्गे,** | पसिना छोड्नु | भ्वादि. परस्मैपदी | सजति |
| १५ | सृज् | **सृज विसर्गे।** | छोड्नु,<br>सृष्टि/सिर्जना गर्नु | दिवा. आत्मनेपदी<br>तुदा. परस्मैपदी | सृज्यते, संसृज्यते,<br>सृजति |

**दकारान्त धातु**

दकारान्त धातुमा अद्, क्षुद् खिद्, छिद्, तुद्, नुद्, पद्य, भिद्, विद्य, विनद्, विन्द्, शद्, सद्, स्विद्य, स्कन्द, हद् यी दकार अन्तमा हुने सोह्र वटा धातुहरू अनुदात्त छन् ।

**अद्क्षुद्खिद्छिद्तुदिनुदः पद्यभिद्विद्यतिर्विनद् ।**

**शद्सदी स्विद्यति स्कन्दिहदी ................॥**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** ५४ पृ. ।)

यी धातुहरूलाई अर्थ र उदाहरणसहित प्रस्तुत गरिएको छ ।

| क्र.सं. | सङ्केतः | धातुको संस्कृत अर्थ | प्रकरण / पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | अद् | **अद भक्षणे** | अदादि. परस्मैपदी | अद धातु खानु अर्थमा रहेको छ । | अत्ति, |
| २ | क्षुद् | **क्षुदिर् सम्प्रेषणे** | रुधादि. उभयपदी | क्षुदिर् धातु सम्प्रेषण गर्नु अर्थमा रहेको छ । | क्षुणत्ति, क्षुन्ते |
| ३ | खिद् | **खिद दैन्ये**<br>**खिद परिघाते** | (दिवा. आत्मने, रुधा. आत्मनेपदी) तुदादि. परस्मैपदी) | खिद धातु दीनता, दुःखी र परिघात भन्ने अर्थमा रहेको छ । | खिद्यते, खिन्ते खिन्दति |
| ४ | छिद् | **छिदिर् द्वैधीकरणे** | रुधा. उभयपदी | छिदिर् धातु दुई टुक्रा वा दुई चिरा पार्नु भन्ने अर्थमा रहेको छ । | छिनत्ति, छिन्ते |
| ५ | तुद् | **तुद व्यथने** | तुदा. उभयपदी | तुद धातु व्यथा वा पीडा भन्ने अर्थमा रहेको छ । | तुदति, तुदते |
| ६ | नुद् | **णुद् प्रेरणे** | तुदा. उभयपदी | णुद् धातु प्रेरणा भन्ने अर्थमा रहेको छ । | नुदति, नुदते |
| ७ | पद् | **पद गतौ** | दिवा. आत्मनेपदी | पद धातु गति अर्थमा रहेको छ । | पद्यते |
| ८ | भिद् | **भिदिर् विदारणे** | रुधा. उभयपदी | भिदिर् धातु उक्काउनु वा उधार्नु भन्ने अर्थमा रहेको छ । | भिनत्ति, भिन्ते |
| ९ | विद् | **विद सत्तायाम्** | दिवा. आत्मनेपदी | विद् धातु हुनु अर्थमा रहेको छ । | विद्यते |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | विनद् | **विद् विचारणे** | रुधा. आत्मनेपदी | विद् धातु विचार गर्नु भन्ने अर्थमा रहेको छ । | विन्ते |
| ११ | विन्द् | **विद्लृ लाभे** | तुदा. उभयपदी | विद्लृ धातु लाभ अर्थमा रहेको छ । | विन्दति, विन्दते |
| १२ | शद् | **शद्लृ शातने** | भ्वादि., तुदादि. परस्मैपदी | शद् धातु शातन अर्थमा रहेको छ । | शीयते (शदे शितः आ.प. ) शीदति |
| १३ | सद् | **शद्लृ विशरणगत्यवसादनेषु** | भ्वा. तुदादि परस्मैपदी | शद्लृ धातु विशरण गति अवसादन आदि अर्थमा रहेको छ । | सीदति, निषीदति, शीदति |
| १४ | स्विद् | **ञिष्विदा गात्रप्रक्षरणे** | दिवा. परस्मैपदी | स्विद् धातु र ञिष्विदा धातु शरीरको रक्षा गर्नु भन्ने अर्थमा रहेको छ | स्विद्यति |
| १५ | स्कन्द | **स्कन्दिर् गतिशोषणयोः** | भ्वा. परस्मैपदी | स्कन्दिर् धातु गति र शोषण अर्थमा रहेको छ । | स्कन्दति, परिष्कन्दति, परिस्कन्दति |
| १६ | हद् | **हद पुरीषोत्सर्गे** | भ्वा. आत्मनेपदी | हर्द धातु पुरीष दुर्गन्धको उत्सर्ग त्याग गर्नु भन्ने अर्थमा रहेको छ । | हदते |

**धकारान्त धातु**

धकारान्त धातुमा क्रुध्, क्षुध्, बुध्य, बन्ध्, युध्, रुध्, राध्, व्यध्, शुध्, साध्, सिध्य यी एघार धातुहरू अनुदात्त छन् ।

**............................क्रुध् क्षुधिबुध्यती ॥**
**बन्धिर्युधिरुधी राधिव्यध्शुधः साधिसिध्यती ।**
**मन्यहन्नाप्क्षिप्छुपितप्तिपस्तृप्यतिदृप्यती ॥**
**लिप्लुप्वप्शप्स्वप्सृपि .......................।**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** ५५ पृ. ।)

यी धातुहरूलाई अर्थ र उदाहरणसहित प्रस्तुत गरिएको छ ।

| क्र.सं. | सङ्केतः | धातुको संस्कृत अर्थ | प्रकरण / पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | क्रुध्, | **क्रुध क्रोधे** | दिवा. परस्मैपदी | रिस गर्नु | क्रुध्यति |
| २ | क्षुध्, | **क्षुध बुभुक्षायाम्** | दिवा. परस्मैपदी | भोकाउनु | क्षुध्यति |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बुध्य, | **बुध अवगमने** | दिवा. आत्मनेपदी | जान्नु | बुध्यते |
| ४ | बन्ध्, | **बन्ध बन्धने** | क्र्या. आत्मनेपदी | बाँध्नु | बध्नाति |
| ५ | युध्, | **युध सम्प्रहारे** | दवा. आत्मनेपदी | हिर्काउनु | युध्यते |
| ६ | रुध्, | **रुधिर् आवरणे**<br>**अनो रुध् कामे** | रुधा. उभयपदी<br>दिवा. आत्मनेपदी | ढाक्नु,<br>अनुरोध गर्नु | रुणद्धि, रुन्ते<br>अनुरुध्यते |
| ७ | राध्, | **राध संसिद्धौ**<br>**राध वृद्धौ** | स्वा. परस्मैपदी<br>दिवा. परस्मैपदी | राम्रोसँग सिद्ध हुनु<br>बढ्नु | राध्नोति<br>राध्यति |
| ८ | व्यध्, | **व्यध ताडन** | दिवा. परस्मैपदी | हिर्काउनु | विध्यति |
| ९ | शुध्, | **शुध शौचे** | दिवा. परस्मैपदी | शुद्ध हुनु | शुध्यति |
| १० | साध्, | **साध संसिद्धौ** | स्वा. परस्मैपदी | राम्रोसँग सिद्ध हुनु | साध्नोति |
| ११ | सिध्य | **षिधु संराद्धौ** | दिवा. परस्मैपदी | सिद्ध गर्नु | सिध्यति |

**नकारान्त धातु**

नकारान्तमा हुने धातुहरूमा मन्य धातु र हन् धातु अनुदात्त छन् ।

नान्तेषु द्वौ– १. मन्य– **मन ज्ञाने** (दिवा. आत्मनेपदी), जान्नु अर्थमा रहेको छ र यसबाट मन्यते रूप सिद्ध हुन्छ ।

२. हन्- **हन हिंसागत्योः** (अदा. परस्मैपदी) हिंसा र गति अर्थमा रहेको छ र यसबाट हन्ति रूप बन्दछ ।

**पकारान्त धातु**

पकारान्त धातुमा आप्, क्षुप्, क्षिप्, तप्, तिप्, तृप्, दृप्, लिप्, लुप्, वप्, शप्, स्वप्, सृप् यी १३ धातु अनुदात्त छन् ।

| **क्र.सं.** | **सङ्केत** | **धातुको संस्कृत अर्थ** | **प्रकरण, पदनिर्धारण** | **नेपाली अर्थ** | **उदाहरण** |
|---|---|---|---|---|---|
| १ | आप्, | **आप्लृ व्याप्तौ**<br>**आप्लृ लम्भने** | स्वा. परस्मैपदी<br>चुरा. उभयपदी | व्यापक अर्थमा<br>प्रेम गर्नु, | आप्नोति,<br>आपयति, आपति,<br>आपते |
| २ | क्षुप्, | **क्षिप प्रेरणे** | दिवा. परस्मैपदी<br>तुदा. उभयपदी | प्रेरणा दिनु । | क्षिप्यति, क्षिपति,<br>क्षिपते । |
| ३ | क्षिप्, | क्षु**प स्पर्शे** | तुदा. परस्मैपदी | छुनु अर्थमा । | क्षुपति, |
| ४ | तप् | **तप सन्तापे**<br>**तप ऐश्वर्ये**<br>**तप दाहे** | भ्वा. परस्मैपदी<br>दिवा. आत्मनेपदी<br>चुरा. परस्मैपदी | राम्ररी ताप्नु ।<br>खुशी हुनु ।<br>डढाउनु । | तपति ।<br>तप्यते ।<br>तापयति, तपति |
| ५ | तिप्– | **तिपृ क्षरणे** | भ्वा. आत्मनेपदी | नाश हुनु । | तेपते |
| ६ | तृप्– | **तृप प्रीणने** | दिवा. परस्मैपदी | तृप्त हुनु । | तृप्यति । |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | दृप्– | **दृप हर्षमोहनयोः** | दिवा. परस्मैपदी | खुशी र गर्व अर्थमा | दृप्यति । |
| ८ | लिप्, | **लिप उपदेहे** | तुदा. उभयपदी | लिप्नु, पोत्नु | लिम्पति, लिम्पते, |
| ९ | लुप्, | **लुप्लृ छेदने** | तुदा. उभयपदी | काट्नु | लुम्पति, लुम्पते, |
| १० | वप्– | **डुवप् बीजसन्ताने** | भ्वा. उभयपदी | बीऊ रोप्नु, | वपति, |
| ११ | शप्– | **शप आक्रोशे** | भ्वा./दिवा. उभयपदी | आक्रोश व्यक्त गर्नु, विरुद्ध आचरण अर्थमा | शपति, शपते । शप्यति, शप्यते । |
| १२ | स्वप्– | **ञिष्वप् शये** | अदा. परस्मैपदी | सुत्नु अर्थमा । | स्वपिति । |
| १३ | सृप्– | **सृप्लृ गतौ** | भ्वादी परस्मैपदी । | गति अर्थमा | सर्पति । |

**भकारान्त धातु**

भकारान्त धातुमा यभ्, रभ्, लभ्, यी तीन धातु अनुदात्त छन् ।

**............................यभ्रभ्लभ्गम्नम्यमो रमिः ।**
**क्रुशिर्दंशिदिशीदृश्मृश्रिश्रुश्लिश्विश्स्पृशः ....... ॥**

(भट्टोजिदीक्षितः,
**सिद्धान्तकौमुदी,** ५५ पृ. ।)

भकारान्त धातुमा यभ्, रभ्, लभ् यी तीन धातु छन् ।

| क्र.सं. | सङ्केत | धातुको संस्कृत अर्थ | प्रकरण, पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | यभ्, | **यभ मैथुने** | भ्वा. परस्मैपदी | मैथुन अर्थमा | यभति, |
| २ | रभ्, | **रभ राभस्ये** | भ्वा. आत्मनेपदी | हासु, परिहास गर्नु | आरभते । |
| ३ | लभ्– | **डुलभष् प्राप्तौ** | भ्वा. आत्मनेपदी | प्राप्त गर्नु । | लभते । |

**मकारान्त धातु**

मकारान्त धातुमा गम्, नम्, यम्, रम्, यी चार धातु अनुदात्त छन् ।

| क्र.सं. | सङ्केत | धातुको संस्कृत अर्थ | प्रकरण, पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | गम्– | **गम्लृ गतौ** | भ्वा. परस्मैपदी | जानु | गच्छति । |
| २ | नम्– | **णम प्रह्वत्वे शब्दे च** | भ्वा. परस्मैपदी | प्रणाम गर्नु, शब्द गर्नु, | नमति । |
| ३ | यम्– | **यमु उपरमे** | भ्वा. परस्मैपदी | निवृत्त हुनु, इच्छा गर्नु । | यच्छति, |
| ४ | रम्– | **रमु क्रीडायाम्** | भ्वा. आत्मनेपदी | खेल्नु । | रमते । |

**शकारान्त धातु**

तालव्य शकारान्त धातुमा क्रुश्, दंश्, दिश्, दृश्, मृश्, रुश्, रिश्, लिश्, विश्, स्पृश् यी १० धातु अनुदात्त छन् ।

| क्र.सं. | सङ्केत | धातुको संस्कृत अर्थ | प्रकरण, पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | क्रुश्, | **क्रुश आह्वाने रोदने च** | भ्वा. परस्मैपदी | बोलाउनु रुनु । | क्रोशति । |
| २ | दंश्, | **दंश दशने** | भ्वा. परस्मैपदी | डस्नु, टोक्नु | दशति । |
| ३ | दिश्, | **दिश अतिसर्जने** | तुदा. उभयपदी | दान दिनु । | दिशति, दिशते । |
| ४ | दृश्– | **दृशिर् प्रेक्षणे** | भ्वा. परस्मैपदी | हेर्नु, | पश्यति । |
| ५ | मृश्, | **मृश आमर्शने** | तुदा. परस्मैपदी | विचार गर्नु | मृशति । |
| ६ | रुश्, | **रुश हिंसायाम्** | तुदा. परस्मैपदी | हिंसा गर्नु । | रुशति । |
| ७ | रिश्, | **रिश हिंसायाम्** | तुदा. परस्मैपदी | हिंसा गर्नु । | रिशति । |
| ८ | लिश्, | **लिश अल्पीभावे**<br>**लिश गतौ** | दिवा. आत्मनेपदी<br>तुदा. परस्मैपदी | कम गर्नु ।<br>जानु, हिड्नु । | लिश्यते ।<br>लिशति । |
| ९ | विश्, | **विश प्रवेशने** | तुदादि. परस्मैपदी | प्रवेश गर्नु । | विशति । |
| १० | स्पृश् | **स्पृश संस्पर्शे** | तुदा. परस्मैपदी । | राम्ररी छुनु । | स्पृशति ।<br>स्प्रक्ष्यति । |

**षकारान्त धातु**

मूर्धन्य षकारान्त धातुमा कृष्, त्विष्, तुष्, द्विष्, दुष्, पुष्य, पिष्, विष्, शिष्, शुष्, श्लिष् यी एघार धातु अनुदात्त छन् ।

**..................................................कृषिः ॥**
**त्विष्तुषद्विष्दुष्पुष्यपिष्विष्शिष्श्लिष्यतयो घसिः ।**
**वसतिर्दह्दिहिदुहो नह् मिह् रुह् लिह् वहिस्तथा ॥**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** ५५ पृ. ।)

| क्र.सं. | सङ्केत | धातुको संस्कृत अर्थ | प्रकरण, पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | कृष्, | **कृष विलेखने** | भ्वा. परस्मैपदी /तुदा. उभयपदी | जोत्नु अर्थमा । | कर्षति ।<br>कृषति, कृषते । |
| २ | त्विष्, | **त्विष दीप्तौ** | भ्वा. उभयपदी | बाल्नु अर्थमा । | त्वेषति, त्वेषते । |
| ३ | तुष्, | **तुष प्रीतौ** | दिवा. परस्मैपदी | खुशी हुनु । | तुष्यति । |
| ४ | द्विष्, | **द्विष अप्रीतौ** | अदा. उभयपदी | द्वेष गर्नु । | द्वेष्टि, द्विष्टे |
| ५ | दुष्, | **दुष वैकृत्ये** | दिवा. परस्मैपदी | विकार अर्थमा । | दुष्यति । |
| ६ | पुष्य– | **पुष पुष्टौ** | दिवा. परस्मैपदी | पुष्टी अर्थमा । | पुष्यति । |
| ७ | पिष्– | **पिष्लृ सञ्चूर्णने** | रुधा. परस्मैपदी | पिस्नु । | पिनष्टि । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | विष्– | **विष्लृ व्याप्तौ**<br>**विषु सेचने**<br>**विष विप्रयोगे** | जुहो. उभयपदी<br>भ्वा. परस्मैपदी<br>क्र्या. परस्मैपदी | फैलनु ।<br>सिञ्चाइ गर्नु ।<br>वियोग हुनु । | वेवेष्टि, वेविष्टे ।<br>वेषति ।<br>विष्णाति । |
| ९ | शिष्– | **शिष हिंसायाम्**<br>**शिष्लृ विशेषणे**<br>**शिष असर्वोपयोगे** | भ्वा. परस्मैपदी<br>रुधा. परस्मैपदी<br>चुरा. परस्मैपदी | हिंसा अर्थमा ।<br>विशेषता देखाउनु<br>शेष राख्नु । | शिषति ।<br>शिनष्टि ।<br>शेषयति, शेषति । |
| १० | शुष्, | **शुष शोषणे** | दिवा. परस्मैपदी | सुकाउनु । | शुष्यति । |
| ११ | श्लिष्य– | **श्लिष आलिङ्गने** | दिवा. परस्मैपदी | आलिङ्गन गर्नु । | श्लिष्यति । |

### सकारान्त धातु

दन्त्य सकारान्त धातुमा घस् र वसति रूप हुने भ्वादिको वस् धातु यी दुई अनुदात्त छन् ।

| क्र.सं. | सङ्केत | धातुको संस्कृत अर्थ | प्रकरण, पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | घस्– | **घस्लृ अदने** | भ्वा. परस्मैपदी | खानु, । | घसति । |
| २ | वस् | **वस निवासे** | भ्वा. परस्मैपदी | बस्नु । | वसति । |

### हकारान्त धातु

हकारान्त धातुमा दह्, दिह्, दुह्, नह्, मिह्, रुह्, लिह्, वह् यी ८ धातु अनुदात्त छन् ।

| क्र.सं. | सङ्केत | धातुको संस्कृत अर्थ | प्रकरण, पदनिर्धारण | नेपाली अर्थ | उदाहरण |
|---|---|---|---|---|---|
| १ | दह्, | **दह भस्मीकरणे** | भ्वा. परस्मैपदी | दहन गर्नु, डढाउनु, खरानी बनाउनु, | दहति । |
| २ | दिह्, | **दिह उपचये** | अदा. परस्मैपदी | बढाउनु, | प्रणिदेग्धि । |
| ३ | दुह्, | **दुह प्रपूरणे** | अदा. उभयपदी | दूध दुहुनु । | दोग्धि । |
| ४ | नह्, | नह्– **णह बन्धने** | दिवा. उभयपदी | बाँध्नु । | नह्यति, नह्यते । |
| ५ | मिह्, | **मिह सेचने** | भ्वा. परस्मैपदी | छर्किनु । | मेहते । |
| ६ | रुह्, | **रुह बीजजन्मनि प्रादुर्भावे च** | भ्वा. परस्मैपदी | बीऊ उम्रिनु । | रोहति । |
| ७ | लिह्, | **लिह आस्वादने** | अदा. परस्मैपदी | चाट्नु | लेढी । |
| ८ | वह् | **वह प्रापणे** | भ्वा. उभयपदी | प्राप्त गर्नु । | वहति, वहते । |

### श्यन् निर्देशनको प्रयोजन (अनुदात्त निषेध)

तृप्ति र तर्पण अर्थमा रहेको तृप, हर्ष र मोहन अर्थमा रहेको दृप यी दुई धातुहरू वारणका लागि **दिवादिभ्यः श्यन्** ३।१।६९॥ भन्ने सूत्रले निर्देश गरेको देखिन्छ किनभने शरीर धुनु भन्ने अर्थमा रहेको ष्विदा धातु, गति अर्थमा रहेका पद धातु, सिद्धि अर्थमा रहेको षिधु धातु, ज्ञान प्राप्त गर्नु भन्ने अर्थमा रहेको बुध धातु, ज्ञान प्राप्त गर्नु भन्ने अर्थमा रहेको मन धातु, पुष्टि अर्थमा रहेको पुष धातु र आलिङ्गन अर्थमा रहेको श्लिष धातु **दिवादिभ्यः श्यन्** ३।१।६९॥ भन्ने सूत्रबाट निर्देशन गरिएका कारण दिवादिगण प्रकरणमा देखिन्छन् ।

**तृप्‌दृपी तौ वारयितुं श्यना निर्देश आदृतः ।**
**स्विद्यपद्यौ सिध्यबुध्यौ मन्यपुष्यश्लिषः श्यना ॥**

(भट्टोजिदीक्षितः, **सिद्धान्तकौमुदी,** पृ. ५६ ।)

तृप् धातु र दृप् धातु तुदादि र चुरादि प्रकरणमा मतान्तरले पढिएका छन् । ती दुई धातुबाट अनुदात्त वारण गर्नका लागि श्यनको निर्देशन गरिएको हो । तृप् र दृप् धातु मतभेदका साथ तुदादि प्रकरणमा छन् । तर तृप् धातु चुरादिमा भने सर्वसम्मत रूपमा रहेको छ । यस विषयलाई तलको तालिकाबाट थप प्रस्ट पारिएको छ ।

| क्र.सं. | धातु | गण | अर्थ | उदाहरण |
|---|---|---|---|---|
| १ | **तृप प्रीणने** | दिवादि, परस्मैपदी, | तृप्त हुनु | तृप्यति |
| २ | **तृप प्रीणने इत्येके छन्दसि** | स्वादि परस्मैपदी | तृप्त गर्नु | तृप्नोति |
| ३ | **तृप तृप्तौ** | तुदादि परस्मैपदी | तृप्त गर्नु | तृपति |
| ४ | **तृप तृप्तौ, सन्दीपने इत्येके** | उभयपदी | तृप्ति, सन्दीपन | तर्पयति, तर्पति |

| क्र.सं. | धातु | गण | अर्थ | उदाहरण |
|---|---|---|---|---|
| १ | **दृप हर्षमोहनयोः, मोहनं गर्वः** | दिवादि परस्मैपदी | हर्ष र गर्व अर्थमा | दृप्यति |
| २ | **दृप क्लेषे** | तुदादि, परस्मैपदी | दुःख दिनु | दृपति |
| ३ | **दृप सन्दीपने** | चुरादि, उभयपदि | सन्दीपन अर्थमा | दर्पयति |

**निष्कर्ष**

दीर्घ ऊकारान्त र दीर्घ ॠकारान्त धातु, यु, रु, क्ष्णु, शीङ्, स्नु, नु, क्षु, श्वि, डीङ्, श्रि, वृङ्, वृञ् धातुलाई छोडेर एकअच् हुने अरु अजन्त धातु सबै अनुदात्त मानिएका छन् । हलन्त धातुहरूमध्ये- शक्लृ, पच्, मुच्, रिच्, वच्, विच्, सिच्, प्रच्छ, त्यज्, निजिर्, भज्, भञ्ज्, भुज्, भ्रस्ज, मस्ज्, यज्, युज्, रुज्, रञ्ज्, विजिर्, सञ्ज्, स्वञ्ज, सृज्, अद्, क्षुद् खिद्, छिद्, तुद्, नुद्, पद्य, भिद्, विद्य, विनद्, विन्द्, शद्, सद्, स्विद्य, स्कन्द, हद्, क्रुध्, क्षुध्, बुध्य, बन्ध्, युध्, रुध्, राध्, व्यध्, शुध्, साध्, सिध्य, मन्य, हन्, आप्, क्षुप्, क्षिप्, तप्, तिप्, तृप्य, दृप्य, लिप्, लुप्, वप्, शप्, स्वप्, सृप्, यभ्, रभ्, लभ्, गम्, नम्, यम्, रम्, क्रुश्, दंश्, दिश्, दृश्, मृश्, रिश्, रुश्, लिश्, विश्, स्पृश्, कृष्, त्विष्, तुष्, द्विष्, दुष्, पुष्य, पिष्, विष्, शिष्, शुष्, श्लिष् घस्, वस्, दह्, दिह्, दुह्, नह्, मिह्, रुह्, लिह्, वह् गरिएका यी एक सय दुई वटा धातुहरूलाई अनुदात्त भनेर गणना गरिएका छन् । हलन्त धातुमा अनुदात्त धातु उपर्युक्त १०२ (केही आचार्यका मतमा १०३) वटा छन् । यहाँ पद्य आदि कतिपय धातुमा यकारान्त निर्देश गरिएको दैवादिक श्यन् प्रत्यय हुने धातु बुझाउन हो । त्यस्तै विनद्‌मा श्नम्‌ले रुधादिको विद्‌धातु, विन्द्‌ले तुदादिको विद्‌धातु बुझाउँछ । किनभने तुदादिको विद् धातुको नुम् हुन्छ । अनि वसतिले वसति रूप हुने भ्वादिको वस् धातुलाई बुझाउँछ । वस् आच्छादनेलाई लिइँदैन । यसरी गणना गरिएका अनुदात्त धातुहरूमा इट् आगम हुन्छ । इडागमको निषेध हुँदैन । यदि यसको नियम नगर्ने हो भने इटागम हुनुपर्ने स्थानमा नहुने र नहुने स्थानमा इट् आगम भएर अनर्थ रूप सिद्ध हुने भय रहन्छ । त्यसकारण यसरी धातुको सङ्ग्रह गर्नु परेको हो । यी सबै धातुहरूमा **एकाच उपदेशेऽनुदात्तात्** भन्ने सूत्रले इट्‌को निषेध हुँदैन र **आर्धधातुकस्येड्वलादेः** भन्ने सूत्रले इट् आगम हुन्छ ।

## सन्दर्भग्रन्थसूची


शर्मा, श्रीपाद (सन् १९४०). (सम्पा.). **ऋग्प्रातिशाख्यम्.** औन्धनगर : स्वाध्यायमण्डलः ।

झा, उदयशङ्कर (सन् २०१३). **अधिगमकौमुदी.** वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

दीक्षित, भट्टोजि (सन् १९९९). **सिद्धान्तकौमुदी.** बालमनोरमा टीका. भाग १. (चतुर्थ संस्करण). गोपालदत्त पाण्डेय (सम्पा.). वाराणसी : चौखम्वा सुरभारती प्रकाशन ।

भट्टः, नागेश (सन् १९८७). **परिभाषेन्दुशेखरः.** वाराणसीः सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालय ।

पतञ्जलि (सन् २००३). **व्याकरणमहाभाष्यम्,** नवाह्निक, (पुनर्मुद्रित संस्करण), मधुसूदनप्रसाद मिश्र (सम्पा.) वाराणसी : चौखम्बा विद्या भवन ।

पाणिनि (सन् १९९३). **अष्टाध्यायी**. सरलव्याख्याटीकालङ्कृत्य गुरुप्रसाद शास्त्री (सम्पा.) वाराणसी : भार्गव पुस्तकालय ।

--------- (वि.सं. २०४०). **अष्टाध्यायीसूत्रपाठ.** रामगोविन्दशुक्लः (सम्पा.). वाराणसी : वाराणसेय-संस्कृत-संस्थानम् ।

--------- (सन् २००४). **पाणिनीयशिक्षा.** आचार्यः शिवराज कौण्डिन्न्यायनः (व्याख्या.) वाराणसी : चौखम्बा विद्याभवन ।

मिश्रः, नारायण (सन् २००६). (वृत्तिकारः). **अष्टाध्यायीसूत्रपाठः.** *आभानामकभाषावृत्युपस्कृतः.* तृतीय संस्करण. वाराणसी : चौखम्भा पब्लिसर्स ।

वरदराजः (सन् २०१४). **लघुसिद्धान्तकौमुदी.** *भैमीव्याख्या,* अष्टमं संस्करणम्, भीमसेन शास्त्री (व्याख्या.), दिल्ली : भैमी प्रकाशन ।

त्रिपाठी, रामप्रसाद (वि.सं. २०४६). (सङ्कलयिता. सम्पा.). **शिक्षासङ्ग्रहः.** *याज्ञवल्क्यशिक्षा. पराङ्कुशशिक्षा.* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय प्रकाशन ।